**Butwal Campus Journal, Vol. 5, No. 1: 190-206, July 2022**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v5i1.50201

# निकटघटक विश्लेषण

**सखिशरण सुवेदी, पिएचडी**
*सहप्राध्यापक*
*बुटवल बहुमुखी क्याम्पस, नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल*

***Article History:*** *Received 21 May 2022; Reviewed 27 June 2022; Revised 16 July 2021; Accepted 28 July 2021*

## लेखसार

निकटघटक विश्लेषण वाक्यविश्लेषणको संरचनावादी अवधारणा हो । यसमा वाक्यमा आएका पदहरूको निकटताका आधारमा घटकीय विश्लेषण गरिन्छ । वाक्यसम्बन्धी गहन अध्ययन विश्लेषण अंग्रेजी र संस्कृत दुबैतर्फ भएको छ । भाषाविज्ञानका क्षेत्रमा संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्डले वाक्य विश्लेषणको यो अवधारणा प्रस्तावित गरेका हुन् । वाक्यभित्रका घटकहरूको विश्लेषण संस्कृत व्याकरण र साहित्यशास्त्रमा पनि चर्चा भएको विषय हो । यस पद्धतिमा वाक्यका संरचक घटकहरूमध्ये कुनचाहिं घटक कुनचाहिं घटकको नजिक रहेको छ भन्ने विश्लेषण हुन्छ । घटकीय विश्लेषणका क्रममा संरचनालाई द्विधा विभाजन गरिन्छ । यसको विश्लेषणका वृक्षारेख, ऊर्ध्वरेख, बाकस, धर्का र कोष्ठ गरी पाँच पद्धति मानिएका छन् । अनुक्रम मिलेको संरचनाको विश्लेषण गर्न सकिए तापनि भग्नक्रममा रहेका संरचनाको विश्लेषण गर्न समस्या देखिएकाले वाक्य विश्लेषणका नवीन अवधारणाहरूको विकास भएको हो ।

**शब्दकुञ्जी** : अनुक्रम, अर्थाध्याहार, अन्तःकेन्द्रिक, *द्विधा विभाजन, द्वयर्थक ।*

## विषयप्रवेश

वाक्य विश्लेषणका सन्दर्भमा देखिएका विश्लेषण पद्धतिमध्ये निकटघटक पद्धति पनि एक हो । निकटघटकमा नजिकको घटकसँगको सम्बन्धलाई हेरिन्छ । वाक्यभित्रका घटकहरू व्याकरणिक पदक्रममा रहन्छन् । पदहरूको निश्चित किसिमको विन्यासक्रमबाट बनेका वाक्यमात्र अर्थपूर्ण हुने भएकाले घटकीय विश्लेषणको अवधारणा विकसित भएको हो । भाषाको आफ्नो व्यवस्था हुन्छ । भाषिक व्यवस्थाभित्र ध्वनि व्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्था पर्दछन् । भाषाको व्याकरण व्यवस्थाभित्र रूपदेखि वाक्यसम्मका सबै तह पर्दछन् । व्याकरणको सबैभन्दा सानो एकाइ रूप र माथिल्लो एकाइ वाक्य हो । वाक्यको निर्माणमा रूप र पदको भूमिका महत्त्वपूर्ण रहन्छ । एउटा पदमा रूपहरूको संयोजन रहन्छ भने पदबाट पदावली र पदावलीबाट उपवाक्य र वाक्यको निर्माण हुन्छ । ध्वनि भाषाको सबभन्दा सानो भाषिक एकाइ हो भने वाक्य भाषाको सबभन्दा ठुलो व्याकरणिक

एकाइ हो । वाक्यभित्र पद, पदावली र उपवाक्यहरू रहने हुनाले वाक्यभित्रका ती पद, पदावली र उपवाक्यहरूका बिच संरचनागत र अर्थगत निकटताको सम्बन्ध हुन्छ । वाक्यमा आएका घटकहरूमध्ये एउटा उद्देश्य वा कर्ता र अर्को विधेय वा क्रिया रहेको हुन्छ । उद्देश्य र विधेयसँग अन्य विभिन्न पदहरू आएर वाक्यको संरचना पूर्ण हुन्छ । वाक्यको संरचनामा रहेका पद र पदावलीको अन्तर्सम्बन्ध तथा घटकहरूको विश्लेषण वाक्यविज्ञानको निकटघटक विश्लेषणभित्र गरिन्छ । वाक्यमा आउने पदहरूको क्रम, पदहरूका बिचको सङ्गति र शासनले घटकहरूको सम्बन्ध निर्धारण गर्दछ । वाक्यभित्र आउने वाक्यका संरचक घटकहरूका बिचको सम्बन्ध र संरचनागत निकटताको विश्लेषण यहाँ गरिएको छ ।

## अध्ययन विधि

निकटघटक विश्लेषणको अवधारणाको विकास र यसको विश्लेषणको प्रक्रिया पहिचान गर्नु आवश्यक ठानी यस लेखमा त्यसको विश्लेषण गरिएको छ । वाक्यका पदहरूको निकटघटक विश्लेषण गर्ने क्रममा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तयार पारिएको छ । यसमध्ये पनि खासगरी विभिन्न अनुसन्धान प्रतिवेदन, पुस्तक, विभिन्न किसिमका जर्नल र पत्रपत्रिकामा प्रकाशित लेखहरू सङ्कलन गरी विश्लेषण गरिएको छ । भाषाविज्ञानका बिभिन्न सैद्धान्तिक अवधरणाहरूमध्ये संरचनावादी अवधारणा र वाक्यसम्बन्धी संस्कृत अवधारणालाई आधार मानी वाक्यका पदहरूको निकटघटक विश्लेषण गरिएको छ ।

### सैद्धान्तिक अवधारणा

वाक्य सबभन्दा ठुलो व्याकरणिक एकाइ हो । एउटा वाक्यमा बिभिन्न पदहरू रहेका हुन्छन् । वाक्यका ती पदहरू वाक्यका घटक हुन्छन् । निकटघटक विश्लेषण संरचनावादी भाषावैज्ञानिकहरूको वाक्य विश्लेषण पद्धति हो । संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्डले सन् १९३३ मा यस पद्धतिलाई वाक्य विश्लेषणको सैद्धान्तिक अवधारणाका रूपमा प्रस्तावित गरेका हुन् । पछि आर. एस वेल्स र अन्य संरचनावादी भाषावैज्ञानिकहरू पाइक, ह्यारिस आदिले विशेष रुचि राखेर संरचनात्मक पद्धति अनुसार वाक्यको विश्लेषण गरेपछि यसले लोकप्रियता प्राप्त गरेको हो (गौतम र अन्य, २०६८ पृ.२२१) । निकटघटक विश्लेषणका क्रममा वेल्सले  रूपका तहमा पुग्नुपर्ने उल्लेख गरेका छन् । उनले वाक्यको निर्माण गर्ने रूप नै वाक्यका निकटघटक मानेर निकटता स्थानमा नभई अर्थमा हुने मानेका छन् । घटकको निकटता त्यसका बिचको सम्बन्धमा हुन्छ (हकेट, १९५८ पृ १७३ ।

भाषिक संरचनाको अध्ययन विश्लेषणका क्रममा संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्डले भाषाका वाक्यका सन्दर्भमा अन्तःकेन्द्रिक र बहिःकेन्द्रिक संरचनाको उल्लेख गरेका हुन् (ब्लुमफिल्ड, १९६८ पृ.१८७.) । संरचकहरूबाट भाषिक संरचना निर्माण हुने हुँदा ब्लुमफिल्डभन्दा पछिका

भाषावैज्ञानिकहरूले पनि यसको चर्चा गरेका छन् । वाक्यात्मक संरचनामा आएका संरचकहरूमध्ये कुनै घटकहरू आफ्ना मुख्य घटकहरूको वितरणसँग निकट तथा तुलनीय हुन्छन् भने कुनै घटकहरू मुख्य संरचनासँग निकट र तुलनीय हुँदैनन् । यसै आधारमा संरचनावादीहरूले संरचनालाई अन्तःकेन्द्रिक र बहिःकेन्द्रिक गरी छुट्याएका छन् । यसै आधारमा निकटघटकका पनि अन्तःकेन्द्रिक र बहिःकेन्द्रिक गरी छुट्याउनु पर्ने देखिन्छ ........ ।

आफ्ना मुख्य घटकहरूको वितरणसँग तुलनीय हुने संरचना अन्तःकेन्द्रिक संरचना हो । यस्तो संरचनामा एउटा मुख्य घटकसँग अन्य विस्तारक घटकहरू हुन्छन् । मुख्य घटकले अन्य विस्तारक घटकहरूलाई साट्न सक्छ । विस्तारक घटकहरू सबै हटाउँदा पनि संरचना बिग्रँदैन । विस्तारक घटकहरू ऐच्छिक हुन्छन् भने मुख्य घटक अनिवार्य हुन्छन् । उदाहरणका लागि 'एउटा फटाहा केटो मुसुक्क हाँस्यो' र 'केटो हाँस्यो' मा 'एउटा फटाहा केटो' र 'मुसुक्क हाँस्यो' दुईवटा संरचना छन् । यसमा 'एउटा फटाहा' लाई 'केटो' र 'मुसुक्क' लाई हाँस्योले साटेको छ । 'केटो' र 'हाँस्यो' अनिवार्य घटक भएकाले 'केटो हाँस्यो' वाक्य अर्थपूर्ण बनेको छ । यसमा 'एउटा फटाहा' र मुसुक्क ऐच्छिक घटक हुन् भने 'केटो' र 'हाँस्यो' अनिवार्य घटक हुन् । यहाँ केटोभित्र अन्तर्निहित 'एउटा र फटाहा' तथा हाँस्यो भित्र अन्तर्निहित 'मुसुक्क' अन्तःकेन्द्रिक संरचना हो (गौतम र अन्य, २०६८ पृ.२२४.) । यो निकटघटक विश्लेषणमा देखिन्छ, संरचनामा नभए पनि त्यसरी बुझ्नु पर्ने हुन्छ ।

अन्तःकेन्द्रिक संरचनामा एउटा एकाइले जुन काम गर्छ त्यसैसँग अन्वित अर्को एकाइले पनि त्यही काम गर्छ । उद्देश्य पदावली वा विधेय पदावली, नामपदावली, विशेषण पदावली र क्रिया पदावली जुनसुकै पदावलीभित्र पनि शीर्ष भएर आउने संरचनाले विशेषक वा निर्धारक जुनसुकै संरचनालाई साट्न सक्छ (न्यौपाने, २०५१ पृ. १७९) । उदाहरणका लागि 'मेरो कान्छो मामाको जेठो छोरो नराम्ररी रोयो', 'बूढो मान्छे ज्यादै मोटो छ' र 'केटो हिंडेर आयो' वाक्यमध्ये पहिलो वाक्यमा 'मेरो कान्छो मामाको जेठो छोरो' उद्देश्य पदावली र नराम्ररी रोयो विधेय पदावली हो । यसलाई 'छोरो रोयो' भन्न सकिन्छ । यस्तै 'बूढो मान्छे' नाम पदावली र ज्यादै मोटो विशेषण पदावली हो । यी पदावलीलाई मान्छे र मोटोले साट्न सकिन्छ भने 'हिंडेर आयो' मा आयो भन्न सकिन्छ । यसर्थ अनिवार्य घटकभित्र ऐच्छिक घटक सम्मिलन भएको संरचना अन्तःकेन्द्रिक संरचना हो । यसमा निकटघटकको विश्लेषण गर्दा साटेका अवस्थामा नहुन पनि सक्दछ (गौतम र अन्य, २०६८ पृ.२२५.) । अन्तःकेन्द्रिक संरचना आश्रित र समवर्गी गरी दुई प्रकारको हुन्छ । केन्द्रीय वा मुख्य घटकको विस्तारक भई आश्रित रूपमा रहने ऐच्छिक घटक सहितको संरचना आश्रित अन्तःकेन्द्रिक संरचना र विस्तारक वा ऐच्छिक घटक (विशेषण) रहित मुख्य घटक (विशेष्य) मात्र रहेको र कुनै पनि एउटा घटक केन्द्रक बन्न सक्ने संरचना समवर्गी अन्तःकेन्द्रिक संरचना हो । उदाहरणका लागि 'बूढो मान्छे

आयो', 'एउटा असल केटो आयो', 'आमा र बुवा आउनुभयो' र 'राम वा श्याम आउलान्' वाक्यमध्ये उदाहरण पहिलो र दोस्रो वाक्यका 'बूढो मान्छे' र 'एउटा असल केटो' आश्रित अन्तःकेन्द्रिक संरचना हुन् भने (पछिल्ला दुई वाक्यका 'आमा र बुवा' 'राम वा श्याम' समवर्गी अन्तःकेन्द्रिक संरचना हुन् । यी घटकहरूको निकटताले पदावलीको संरचना निर्माण गरेको छ ।

मुख्य घटकसँग तुलनीय नहुने संरचना बहिःकेन्द्रिक संरचना हो । यसमा कुनै संरचनालाई त्यसैभित्रको एउटा घटकले साट्न सकिँदैन । संरचनाभित्रको कुनै घटकलाई हटाउँदा अव्याकरणिक संरचना बन्न पुग्छ । बहिकेन्द्रिक संरचनामा संरचनाभन्दा बाहिर केन्द्रक रहन्छ । अन्तःकेन्द्रिक संरचनाको जस्तो अनिवार्य र ऐच्छिक संरचना यसमा हुँदैन । उदाहरणका रूपमा 'एउटा बूढो मान्छे खोलातिर लाग्यो' संरचनामा रहेको 'खोलातिर' संरचना र त्यस संरचनाको मुख्य घटक 'खोला' को वितरण समान छैन । एउटा बूढो मान्छे खोलातिर लाग्यो संरचनाको उही अर्थमा 'एउटा बूढो मान्छे खोला लाग्यो' भन्न सकिँदैन किनभने खोलातिर सँगको निकटताको विश्लेषण खोलाले गर्न सक्दैन । यसर्थ खोलातिर बहिकेन्द्रिक संरचना हो । यस अवस्थामा घटकीय विश्लेषण हुन सक्दैन । वाक्यभित्र आएका कुनै पनि पदमध्ये एकले अर्कोलाई स्थानापन्न गर्न सक्दैन। संरचनाका सबै पदहरू बहिःकेन्द्रिक हुन्छन्; जस्तै- 'राजुले किताब किन्यो' मा आएका सबै संरचना बहिकेन्द्रिक हुन् । यसमा सबै मुख्य छन् ।

निकटघटकको अवधारणा संस्कृत व्याकरण र साहित्यशास्त्रमा देखा परिसकेको अवधारणा हो । संस्कृतमा अन्वय अन्तर्गत निकटस्थ अवयवको विश्लेषण हुन्थ्यो । वाक्यमा शब्दहरूका बिच एक शब्दले अर्को शब्द राख्ने अवस्था आकांक्षा हो । राम भात भएपछि 'खान्छ' आकांक्षा हुन्छ, 'जान्छ' को आकांक्षा हुँदैन । 'जान्छ' को आकांक्षा भातसँग हुँदैन घरसँग हुन्छ- 'राम घर जान्छ', 'राम भात खान्छ' हुन्छ । 'रूख भात खान्छ', 'रूख घर जान्छ' हुँदैन, किनभने यी शब्दका बिचमा आकांक्षा मिल्दैन । वाक्य पूरा हुनका लागि यो अत्यावश्यक अवस्था हो (सुवेदी, २०७५ पृ.२७.) । यसमा वाक्यका निकटघटकको अर्थगत सम्बन्ध देखिएमा मात्र वाक्य अर्थपूर्ण हुन्छ ।

आकांक्षाका सम्बन्धमा वाक्यका शब्दहरूका बिच पारस्परिक अपेक्षा हुन्छ । वाक्यका शब्दहरूका बिचको सम्बन्ध सबैभन्दा पहिले मीमांसकहरूले अगाडि ल्याएका हुन् । शब्दको स्वतन्त्रताको आवश्यकता समस्त शब्द अथवा वाक्यमा हुन्छ भन्ने कुरा सुरुदेखि नै वैयाकरणहरूले अगाडि सार्दै ल्याएका हुन् । यस सम्बन्धमा पाणिनिले शब्द सामर्थ्ययुक्त छन् भने ती समस्त शब्द मात्र रहने मानेका छन् (ईश्वरचन्द्र, २००९ई. पृ. १४८) । यो सामर्थ्य शब्द समीक्षकहरू धेरैले प्रयोग गरेका छन् । यो व्यापेक्षा अथवा पारस्परिक संयोजन वा निकटता अर्थ निर्धारणमा हुन्छ । केहीले सामर्थ्यलाई एकार्थीभाव अथवा अर्थको एकता मानेका छन् (मीमांसासूत्र, दोस्रो १: ४५) । भिन्न अर्थ

दिने भिन्न-भिन्न शब्दहरू एउटै सोचका निम्ति प्रयोग गरिएका हुन्छन् । पछि आएको दृष्टिकोण जैमिनीय अर्थैकत्वसँग तुलनीय छ । जुन सोच वा अवधारणाको एकत्वसँग सम्बन्धित छ । अहिलेसम्म यी अवस्थालाई समान दृष्टिले हेरिएको पाइन्छ । पतञ्जलिले यी दुई दृष्टिकोणलाई परस्पर निषेधकका रूपमा लिएका छन् र एकार्थीभावका दृष्टिकोणबाट एउटालाई स्विकारेका छन् । यस अनुसार समस्त शब्दका रूपमा तिनको आफ्नै अर्थ दिइएको छ र विशिष्ट पहिचान देखाइएको छ । तर अर्को दृष्टिकोण अनुसार अलग शब्दहरू आफ्नै अर्थको अधीनमा रही परस्पर सम्बन्धित हुन्छन् । हारदत्तका अनुसार व्यपेक्षा र एकार्थीभाव समस्त शब्दका लागि आवश्यक छन् । शब्दहरूका अर्थ बिचको पारस्परिक संयोजनको अभाव भएदेखि शब्दहरू समस्त आकारमा स्विकार्य छैनन् । कैयटले यी दुबैलाई वाक्यको अवस्था र समस्त शब्दका रूपमा स्विकार गर्दछन् । उनले व्यापेक्षामा समास हुँदैन र एकार्थी भावमा वाक्य हुँदैन भनेका छन् (राजा, १९७७ई. पृ. १६२) । यसबाट वाक्यको घटकीय व्यवस्था स्वीकार गरेको बुझिन्छ ।

अद्वैत वेदान्त अनुसार आकांक्षा उत्थिताकांक्षा र उत्थाप्याकांक्षा गरी दुई किसिमको देखाइएको छ । उत्थिताकांक्षा शब्दको वास्तविक र सहज किसिमको अपेक्षा हो । यो अर्कोको अर्थ पूरा गर्नका निम्ति आउँछ । उत्थाप्याकांक्षा सम्भाव्य अपेक्षा हो । यो आवश्यक परेका बखतमात्र आउँछ (न्यायकोश, पृ.११३, वेदान्त परिभाषा ४ पृ. ४( ७) । उदाहरणका लागि ‘गाई ल्याऊ’ वाक्यमा एउटाले प्रश्न गर्न सक्दछ, ‘कस्तो किसिमको गाई ?’ र यसकारणले ‘गाई’ शब्द सम्भवत विशेषणका रूपमा ‘सेतो’ अथवा ‘बुढो’ सँग आउन सक्छ । सम्भाव्य अपेक्षाहरूमा प्रयोग हुन सक्ने सम्भावना रहेको हुन्छ । आकांक्षाले वाक्यमा भएको शब्द पारस्परिक हुनै पर्ने कुरा छुट्याउँछ । यसर्थ ‘सेतो गाई ल्याऊ’ वाक्यमा ‘गाई’ शब्दसँग एउटा सम्भाव्य अपेक्षा विशेषणका रूपमा ‘सेतो’ सँग रहेको हुन्छ, कालो, रातो आदि पर्दैनन् (सुवेदी,२०७५ पृ. २८) ।

प्रसिद्ध वैयाकरण नागेशले आकांक्षालाई श्रोताको चाहनाको एउटा खण्ड वा भाग मानेका छन् । शब्द सुनिरहँदा यसको पूर्ण अर्थ ज्ञानका लागि वाक्य भित्रका शब्दको विचार जान्नु पर्दछ । त्यसमा व्यक्त विचार त्यसको अर्थसँग सम्बन्धित रहन्छ । यसैले आकांक्षा श्रोतासँग सम्बन्धित हुन्छ । आकांक्षा वा अपेक्षाले वाक्यमा भएका शब्दहरूलाई मनोवैज्ञानिक दृष्टिले नभई व्याकरणिक दृष्टिले हेर्दछ । यो वाक्य पूर्ण हुनका निम्ति आवश्यक हुन्छ । पछिल्ला नैयायिकहरूले मनोवैज्ञानिक आकांक्षा र व्याकरणिक आकांक्षाका बिच भिन्नता देखाएका छन् । उनीहरूले आकांक्षालाई वाक्यको आवश्यक तत्वका रूपमा लिएका छन् । एउटा शब्द वाक्यको अर्को शब्दका लागि आएको हुन्छ । जसबाट वाक्यका शब्दहरूका बिच अन्तर्सम्बन्ध देखिन जान्छ (तर्कसंग्रह, पृ.३०, न्यायकोश, पृ.११३) । एउटा शब्दले अर्को शब्दलाई वाक्यात्मक रूपमा जोड्नु आकांक्षा हो । यसले वाक्यमा भएका शब्दहरूको

वाक्यात्मक सम्बन्धलाई ज्ञानका तहमा पुऱ्याउँदछ । नैयायिकहरू शब्दका बिचमा पारस्परिक अपेक्षा रहने कुरा स्विकार गर्छन् । शब्दभित्र धातु र सर्गहरूमा पनि आकांक्षा रहने धारणा रहेको छ ।

योग्यता वाक्यका शब्दहरूका बिचको पारस्परिक सुसंगठनमा हुने तार्किक सुसंगति अथवा मेल हो । यसले वाक्यको अर्थ पक्षको निर्धारण गर्दछ । अनुभवसँग मेल भएका शब्दहरूका बिच योग्यता रहन्छ । वाक्यको अर्थलाई योग्यताले पूर्णतामा पुर्‍याउँदछ । योग्यताले पारस्परिक संयोजनको संगतिका लागि वाक्यमा शब्दहरूको माग गर्दछ वा शब्दहरू खोज्दछ भन्ने धारणा शालिकनाथको रहेको छ । संगतिपूर्ण शब्दहरू प्राप्त अनुभवबाट व्यक्त हुन्छन् । 'ऊ पानीले भिजेको छ' (पयसा सिंचति) वाक्यमा अर्थको योग्यता छ । भिजिने कुरा सामान्यतया झोल वस्तु जस्तै पानीबाट हुने गर्दछ । त्यहाँ भिजिने विचार र पानीसँग कुनै असङ्गति छैन । तर 'ऊ आगोले भिजेको छ' (अग्निना सिंचति) जस्ता वाक्यमा योग्यता वा संगति छैन । भिजिने विचार आगोका गुणसँग मेल खाँदैन । आगो र भिज्नु शब्दको योग्यता छैन (शास्त्री, १९४५ई. पृ. २५७) । यस्ता वाक्यको घटकीय विश्लेषण हुन नसक्ने देखिन्छ ।

सामान्यतया वाक्यमा भएका पदहरूको निकटवर्ती अवस्थाको व्याख्या सन्निधि वा आसत्तिमा पनि गरिएको छ । शब्दहरूका बिचको यो निकटता शब्दहरूका बिचको अविभाज्य क्रमिकता हो जुन एक अर्कोको सामीप्यतामा रहन्छ । शब्दहरूको लामो दुरीले ज्ञानको उत्पादन हुन सक्दैन र त्यसमा कुनै पनि किसिमको अन्तर्सम्बन्ध रहँदैन । आकांक्षा र योग्यता भए तापनि पदहरूका बिचको सन्निधि छैन भने अभिव्यक्ति अर्थपूर्ण हुँदैन (वाक्यपदीय, ७३) ।

प्रभाकर सम्प्रदायका मीमांसकहरू आवश्यक अर्थको प्राप्तिका निम्ति लोप भएको शब्दको अर्थ अनुमान गरेर शब्द अवगत गर्नुभन्दा आवश्यक अर्थ तत्काल अनुमान गर्नु वा वितरण गर्नु सजिलो हुन जान्छ भन्ने कुरामा विश्वास गर्दछन् । उनीहरू भएको शब्दलाई सन्दर्भमा वितरण हुन सक्ने शब्दको अर्थका रूपमा लिन्छन् । सन्दर्भले भन्न खोजेको अर्थ थाहा भएपछि शब्दको अस्तित्वका विषयमा अनुमान गरिरहनु कुनै आवश्यक पर्दैन । अर्थका बारेमा इच्छा राखेर अर्थ बुझ्न सकिन्छ शब्दका बारेमा होइन । यस बाहेक उनीहरू अर्थको स्मरणका लागि लुप्त शब्दको उपस्थिति कुनै आवश्यक छैन भन्ने ठान्दछन् (वाक्यार्थमातृकावृत्ति, पृ.८) । यस भनाइबाट वाक्यमा आएका पदहरूको निकटताबाट वाक्यको अर्थ पूर्ण हुन्छ भन्ने आशय प्रष्ट हुन्छ । अर्थ बुझ्नका लागि अनुभूति र निर्णय हुनुपर्ने स्वीकार गर्दछन् । 'भाँडो' को विषयमा उठ्ने विचार यसलाई देखाएपछि मात्र हुन्छ (हुपरिकर, १९४८ पृ. ४४१) । जे देखिएको वा सुनिएको छ त्यस बाहेक बुझ्न र व्याख्या गर्न नसकिने हुन्छ ।

नेपाली भाषाका वाक्यको विश्लेषणका क्रममा वाक्यका नजिकका घटकको अर्थसम्बन्धलाई नै आधार मानिएको पाइन्छ । वाक्यका घटकका रूपमा आउने अनिवार्य तथा ऐच्छिक पदहरूको

विन्यासक्रमलाई घटक क्रम भनिएको छ । नेपाली भाषाको घटक क्रम कर्ता र क्रियाको क्रम (हरि हाँस्यो), कर्ता, कर्म र क्रियाको क्रम (श्वेताले किताब किनी), कर्ता, कर्म, क्रियाविशेषण र क्रियाको क्रम (सौरभले भात कपाकप खायो), कर्ता, अप्रत्यक्ष कर्म, प्रत्यक्ष कर्म र क्रियाको क्रम (सौरभले श्वेतलाई पैसा दियो ) कर्ता, पूरक र क्रियाको क्रम (तिमी असल छौ) कर्ता, कर्म, कर्मपूरक र क्रियाको क्रम (सबैले राजुलाई नेता चुन ), कर्ता क्रियाविशेषण र क्रियाको क्रम (हरि बजार गयो), विशेषण र विशेष्यको क्रम (कालो केटो हाँस्यो ), भेदक र भेद्यको क्रम (रामको छोरो आयो ), भेदक, विशेषण र विशेष्यको क्रम (रामको ठूलो छोरो आयो), तीव्रक, विशेषण र विशेष्यको क्रम (धेरै मोटो मान्छे आयो ), तीव्रक र क्रियाविशेषणको क्रम (राम विस्तारै हिंडेर आयो ) गरी १२ किसिमको रहेको छ (गौतम र अन्य, २०६८ पृ.१९७.) । यी मध्ये सुरूका ६वटा वाक्य तहका र अन्तिम ६ वटा पदावली तहका घटक क्रम मानिएको छ । घटकीय विश्लेषणमा घटकको निकटतम सम्बन्धको विश्लेषण हुन्छ ।

वाक्यमा विभिन्न पदहरूको क्रमबद्ध र व्यवस्थित रखाइ हुन्छ । वाक्य व्याकरणिक दृष्टिले सबैभन्दा ठूलो एकाइ भएकाले वाक्यमा न्यूनतम दुईवटा पद र आवश्यकता अनुसार त्यसभन्दा बढी पदहरू रहन्छन् । वाक्यभित्र प्रयोग भएका पदहरूले वाक्यात्मक एवम् व्याकरणिक कार्य गर्दछन् । वाक्यभित्र रहेर पदले गर्ने व्याकरणिक कार्य नै व्याकरणात्मक प्रकार्य हो (पोखरेल, २०५४ पृ.२७) । वाक्यमा नाम, सर्वनाम, विशेषण, क्रिया आदि विभिन्न वर्गका शब्द प्रयुक्त हुन्छन् । ती विभिन्न पदहरू व्याकरणिक कार्य पूरा गर्न उद्देश्य, विधेय, पूरक आदि भएर आएका हुन्छन् । वाक्यात्मक संरचनाभित्र रहेर उद्देश्य, विधेय, कर्म, पूरक आदि भई काम गर्नु नै व्याकरणात्मक प्रकार्य हो । उदाहरणका लागि 'राम विद्यार्थी हो' र 'सबैले राजुलाई नेता चुने' वाक्यमा पहिलो वाक्यमा आएको 'राम' उद्देश्य 'विद्यार्थी' पूरक र 'हो' क्रिया वा विधेयका रूपमा रहेका छन् । यसै गरी दोस्रो वाक्यमा 'सबैले' कर्ता, 'राजुलाई' अप्रत्यक्ष कर्म, 'नेता' प्रत्यक्ष कर्म वा कर्मपूरक र 'चुने' क्रियापद वा विधेय भई वाक्यात्मक संरचनामा आएका छन् । यी पदहरूले वाक्यात्मक संरचनामा घटकीय सम्बन्ध कायम गरेका छन् (यादव र रेग्मी, २०५८ पृ.१२७.) । नेपालीका वाक्यको विश्लेषण घटकीय निकटताका आधारमा गरिँदै आएको छ ।

वाक्यमा क्रियाको कार्य सम्पन्न गर्न आउने नामिक पद वा पदावली उद्देश्य हुन्छ । उद्देश्य वाक्यको कर्ता हो । उद्देश्य विभक्तिसहित वा विभक्ति रहित दुबै अवस्थामा रहन्छ । उद्देश्यबिना वाक्य नबन्ने हुँदा यो वाक्यको अनिवार्य घटक हो । उद्देश्य नै वाक्यमा आउने दोस्रो खण्ड विधेयको विषय हुन्छ र यो वाक्यको सुरूमा आउँछ (बन्धु ३०३१ पृ. १५३) । उदाहरणका लागि 'केटो हाँस्यो', 'केटाले भात खायो' र 'सौरभले भाइलाई कलम दियो ' वाक्यमा 'केटो', 'केटाले' र 'सौरभले' वाक्यको

अघिल्लो खण्डका उद्देश्य घटक हुन् । यी घटकहरूमध्ये पहिलो विभक्ति रहित तथा दोस्रो र तेस्रोमा विभक्ति सहित आएर वाक्यको विषय बनेका छन् । वाक्यको सुरूमा आउनु, सामान्यतः नामिक पद हुनु, क्रियापदसँग सङ्गति देखाउनु र वाक्यको अनिवार्य घटक हुनु उद्देश्यका वाक्यतािŒवक आधार हुन् । वाक्यका ती घटकहरू 'केटो, 'केटाले र 'सौरभले वाक्यको सुरूमा आएका नामिक घटक हुन् र यी घटकले क्रियापदसँग सङ्गति देखाएर वाक्यको अनिवार्य घटकको काम गरेका छन् । वाक्यमा उद्देश्यसँगै अरू घटकहरू आउन सक्छन् । उद्देश्य वा कर्ताभन्दा अगाडि अरू घटकहरू रहेमा ती घटक तिनका विस्तारक हुन्छन् । उदाहरणका लागि 'ठूलो केटो हाँस्यो' , 'रामको भाइ श्याम हाँस्यो' वाक्यमा पहिलो वाक्यको 'ठूलो' र दोस्रो वाक्यको 'रामको भाइ' उद्देश्यका विस्तारक घटक हुन् भनेपहिलो वाक्यको 'केटो' र दोस्रो वाक्यको 'श्याम उद्देश्य हुन् । उद्देश्य विस्तारक घटकको निकटघटकको सम्बन्ध उद्देश्यसँग हुन्छ, वाक्यको क्रियापदसँग हुँदैन (गौतम र अन्य, २०६८ पृ.२००.) । उद्देश्य विस्तारकको सङ्गति उद्देश्यसँग रहन्छ । उद्देश्यसँग ती घटकको के कति निकटता छ भन्ने कुरा घटकीय विश्लेषणबाट प्रस्ट हुन्छ ।

वाक्यको उद्देश्य छुट्याएपछिको बाँकी विधेय हुन्छ । विधेय वाक्यको पछिल्लो खण्डमा आउँछ र यसले उद्देश्यका बारेमा केही भन्छ । माथि दिइएको उदाहरणमा हाँस्यो', 'भात खायो' र 'भाइलाई कलम दियो', वाक्यका विधेय हुन् । यिनले उद्देश्य वा विषयका बारेमा वर्णन गरेका छन् । विधेयमा एउटा घटक वा धेरै घटक रहन सक्छन् । पहिलो वाक्यमा एउटा पद छ भने दोस्रो र तेस्रोमा धेरै घटक छन् । विधेय वाक्यको एउटा खण्ड हो । यसमा क्रियासहित कर्म, पूरक आदि पदहरू रहन्छन् । कर्म, पूरक आदि घटकहरू नआउँदा एउटा क्रियापद नै विधेय हुन्छ भने अन्य पदहरू आउँदा ती विधेयको विस्तारकका रूपमा रहन्छन् । दोस्रो वाक्यको भात र तेस्रो वाक्यको 'भाइलाई कलम' विधेय विस्तारक हुन् (न्यौपाने, २०५१ पृ........) । वाक्यको विधेय खण्ड अन्तर्गत विधेयक (क्रियापद), कर्म, पूरक, क्रियायोगिक जस्ता व्याकरणिक प्रकार्य गर्ने घटकहरू रहन्छन् ।

विधेयक विधेय खण्डको प्रमुख वाक्यात्मक घटक हो । विधेय खण्डमा विधेयक घटक क्रियापदका रूपमा रहन्छ । विधेय खण्डमा एक मात्र घटक छ भने त्यो विधेयक घटक हुन्छ । विधेयक घटक वाक्यको समापिका क्रिया हो । यसले उद्देश्यका विषयमा जानकारी दिन्छ र वाक्य टुङ्ग्याउँछ । विधेयक रूपतात्त्विक आधारमा 'छ' 'यो' जस्ता सहायक क्रियासँग आउँछ र वाक्यात्मक कार्य सम्पन्न गर्दछ । विधेयकविना वाक्य नबन्ने हुँदा यो वाक्यको अनिवार्य घटक हो (.......) । माथि दिइएका वाक्यहरूका 'हाँस्यो', 'खायो', 'दियो' घटकहरू विधेयक हुन् ।

वाक्यमा विधेय खण्डअन्तर्गत विधेयकको विस्तारक भई आउने घटक कर्म हो । उद्देश्यका बारेमा विधेयकले वाक्यात्मक कार्य सम्पन्न गर्दा त्यसको फल वा असर पर्ने पद कर्म हुन्छ । सकर्मक

क्रिया भएको वाक्यमा उद्देश्य र विधेय आएर मात्र वाक्यात्मक कार्य सम्पन्न हुँदैन । यस अवस्थामा क्रियाको विस्तारक भएर कर्म रहन्छ। वाक्यमा एककर्मक क्रिया एउटा कर्मसहित आउँछ भने द्विकर्मक क्रिया दुईवटा कर्मसहित आउँछ । उदाहरणका लागि 'सौरभले किताब किन्यो' र 'सौरभले श्वेतालाई कलम दियो' वाक्यमा पहिलो वाक्यको 'किताब' र दोस्रो वाक्यको 'श्वेतालाई' र 'कलम' कर्म हुन् । द्विकर्मक क्रिया भएको वाक्यमा आउने दुईवटा कर्म प्रत्यक्ष कर्म र अप्रत्यक्ष कर्म गरी दुई किसिमका हुन्छन् । वाक्यमा क्रियाको निकट भई क्रियापदसँग प्रत्यक्ष सम्बन्ध राख्ने नामिक पद प्रत्यक्ष कर्म हो । प्रत्यक्ष कर्ममा क्रियाले गरेको कामको प्रत्यक्ष असर परेको हुन्छ । एककर्मक क्रियाले एउटा मात्र कर्म लिन्छ र त्यस्तो कर्म प्रत्यक्ष कर्म नै हुन्छ । द्विकर्मक क्रियाले एउटा अप्रत्यक्ष कर्म र अर्को प्रत्यक्ष कर्म लिन्छन् । दुईवटा कर्ममध्ये लाई विभक्ति लागेको कर्म अप्रत्यक्ष कर्मका रूपमा रहेको हुन्छ भने अर्को कर्म प्रत्यक्ष कर्मका रूपमा रहेको हुन्छ। एककर्मक क्रियामा चाहिँ कर्म विभक्ति सहित वा विभक्ति रहित दुबै रूपमा रहन्छ। माथि उदाहरणमा दिइएको पहिलो वाक्यको 'किताब' र दोस्रो वाक्यको 'कलम' प्रत्यक्ष कर्म हुन् । द्विकर्मक क्रिया विधेयकका रूपमा आएको वाक्यमा विभक्तिसहित आउने अघिल्लो कर्म अप्रत्यक्ष कर्म हो । अप्रत्यक्ष कर्म नामिक पद हुन्छ । क्रियाको कार्य सम्पन्न हुँदा अप्रत्यक्ष कर्म लाभक वा प्रापक हुन्छ । अप्रत्यक्ष कर्म 'लाई' विभक्तिसहित आउँछ र वाक्यमा सम्प्रदान कारकलाई जनाउँछ । उदाहरणका लागि 'सौरभ सुजनलाई पैसा दिन्छ' । वाक्यमा 'सुजनलाई' अप्रत्यक्ष कर्म हो। क्रियाको कार्य सम्पन्न हुँदा यसले सम्प्रदान कारकलाई जनाएको हुन्छ । सौरभले पैसा दिने काम सम्पन्न गर्दा दिइएको वस्तु पैसा प्राप्त गर्ने लाभक वा प्रापकका रूपमा 'सुजनलाई' आएको छ। वाक्यको घटकीय विश्लेषणका क्रममा वाक्यका घटकहरूको सम्बन्धको विश्लेषण महत्वपूर्ण हुन्छ (.......) ।

वाक्यमा आएको विधेयकको वाक्यात्मक कार्य र अर्थ पूरा गर्न आउने अर्को पद पूरक हुन्छ । पूरकले वाक्यमा आउँदा विभक्ति लिंदैनन् । पूरक कर्मभन्दा भिन्न पद हुन् । पूरकापेक्षी क्रिया भएको वाक्यमा क्रियाको अर्थ पूरा गर्न पूरक आउँछ । उदाहरणका लागि 'सौरभ विद्यार्थी हो' र 'सौरभ असल छ' वाक्यमा आएका 'विद्यार्थी' र 'असल' पूरक पद हुन् । यी पदले वाक्यमा 'हो' र 'छ' पूरकापेक्षी विधेयकको वाक्यात्मक कार्य र अर्थ पूरा गरेका छन् । पूरकापेक्षी विधेयकले लिने पूरक कर्तृपूरक र कर्मपूरक गरी दुई किसिमका हुन्छन् । माथिका वाक्यमा आएका 'विद्यार्थी' र 'असल' कर्तृपूरक हुन् । यसै गरी 'हामीले रामलाई नेता चुन्यौं' र 'दिनेशले भाइलाई डाक्टर बनायो' वाक्यमा कर्म पूरक आएका छन् । यी वाक्यमध्ये पहिलो वाक्यमा कर्मका रूपमा आएको 'राम' को पूरक 'नेता' र दोस्रो वाक्यमा कर्मका रूपमा आएको 'भाइ' को पूरक 'डाक्टर' रहेका छन् । यिनको सम्बन्ध कर्मसँग भएकाले यी कर्मपूरक हुन् । यहाँ 'चुन्नु' र 'बनाउनु' पूरकापेक्षी क्रिया आएका छन् (गौतम र अन्य, २०६८ पृ.२४७.) । निकटघटक विश्लेषणका क्रममा वाक्यको संरचनामा आउने उद्देश्य,

विधेय, उद्देश्य विस्तारक, विधेय विस्तारक, कर्म (प्रत्यक्ष कर्म, अप्रत्यक्ष कर्म), पूरक (कर्तृपूरक र कर्मपूरक ) आदिको घटकीय सम्बन्ध पहिचान गरी विभाजन गर्दै जानु पर्दछ ।

## छलफल तथा विश्लेषण

वाक्य स्वतन्त्र अर्थ बुझाउन सक्ने भाषिक एकाइ हो । संरचना वा अर्थ जे जस्तो भए पनि वाक्य निश्चित व्याकरणात्मक ढाँचाको हुन्छ । वाक्यभित्रका संरचक घटकहरूले एकअर्कासँग अन्तर्सम्बन्ध कायम राखेर वाक्यात्मक कार्य सम्पन्न गर्दछन् । पद, पदावली र वाक्यांशबाट वाक्यको निर्माण हुन्छ भने वाक्यहरूबाट अनुच्छेद र सङ्कथनको निर्माण हुन्छ (तिवारी, १९७६ पृ.३४७.) । व्याकरणिक दृष्टिले वाक्य सबभन्दा ठूलो एकाइ हो । वाक्यभित्र एक वा एकभन्दा बढी उपवाक्यहरू रहन सक्छन् । उपवाक्य भएको वाक्यमा उपवाक्य र उपवाक्य नभएको वाक्यमा पदावली वाक्यका संरचक घटकका रूपमा रहेका हुन्छन् । वाक्यमा विभिन्न घटकहरू आएका हुन्छन् । वाक्यमा आएका घटकहरूका बिच वाक्यात्मक सम्बन्ध रहेको हुन्छ । वाक्यीय घटकहरूका बिच संरचनात्मक निकटताका आधारमा पदहरूका बिचको सम्बन्धको विश्लेषण गरिन्छ । यस पद्धतिमा वाक्यका संरचक घटकहरूमध्ये कुनचाहिं घटक कुनचाहिं घटकको नजिक रहेको छ भन्ने विश्लेषण हुन्छ । घटकीय विश्लेषणका क्रममा संरचनालाई दुई टुक्रामा विभाजन गरिन्छ । यसलाई द्विधा विभाजन भनिन्छ । वाक्यका संरचक घटकहरू परस्पर अन्तर्सम्बन्धित हुने हुनाले अर्थगत निकटताका आधारमा विभाजन गरिन्छ । जुन पद जसको निकट रहन्छ त्यसको विश्लेषण गर्नु निकटघटक विश्लेषणको प्रमुख विशेषता हो (गौतम र अन्य, २०६८ पृ.२२२.)।

वाक्यभन्दा तल्लो र पदावलीभन्दा माथिल्लो भाषिक एकाइ उपवाक्य हो । उपवाक्यमा विभिन्न पदावलीहरू हुन्छन् । पदावलीहरू उपवाक्यको संरचक घटक हुन् भने उपवाक्यहरू वाक्यका संरचक घटक हुन् । वाक्यले बुझाउने अर्थको खण्ड मात्र बुझाउने हुँदा वाक्यको संरचकका रूपमा रहेको यस एकाइलाई उपवाक्य भनिएको हो (तिवारी, १९७६ पृ.३४९.) ।

पदहरूको समूह पदावली हो । पदावली पदभन्दा माथिल्लो र उपवाक्यभन्दा तल्लो एकाइ हो । परस्पर सम्बन्ध राख्ने घटकहरूको मेलबाट पदावली बन्छ । पदावलीमा एउटा मुख्य घटकसँग अन्य आश्रित घटकहरू आएका हुन्छन् (न्यौपाने, २०५१ पृ. १५३) । पदावलीमा आएको मुख्य घटक शीर्ष हुन्छ भने मुख्य घटकसँग आएका आश्रित घटकहरू शीर्षको विशेषकका रूपमा रहन्छन् । पदावलीले उपवाक्यको संरचक घटकको कार्य गर्दछ । पदावलीमा दुई वा दुईभन्दा बढी मुक्त पदहरूको संयोजन रहे पनि एउटै मुख्य घटकको अवधारणा व्यक्त हुन्छ । नाम, विशेषण, क्रियाविशेषण र क्रियामध्ये कुनै दुईवटा मिलेर पदावली बन्छ । जुन घटक शीर्ष रहने गरी पदावलीको रचना हुन्छ त्यस पदावलीको नामकरण त्यहीअनुसार हुन्छ । 'यो घर', 'निकै ठूलो', ज्यादै सुस्तरी, 'मुसुक्क हाँस्यो' पदावली हुन् ।

यी पदावलीमा घर, ठूलो, सुस्तरी र हाँस्यो शीर्ष घटक रहेकाले यिनै नाम, विशेषण, क्रियाविशेषण र क्रिया शीर्ष घटकका आधारमा यी पदावलीहरू क्रमशः नाम पदावली, विशेषण पदावली, क्रियाविशेषण पदावली र क्रियापदावलीका रूपमा रहेका छन् । घटक जुन वर्गको छ, सोही वर्गको शीर्ष मानेर पदावलीको निकटघटक विश्लेषण गरिन्छ (द्विवेदी, १९८७ पृ.२१७.)।

वाक्यको निकटघटक विश्लेषणका क्रममा वाक्यका उद्देश्य पदावली र विधेय पदावली छुट्याउनु पर्ने हुन्छ । 'हरि हाँस्यो' वाक्यमा उद्देश्य पदावली र विधेय पदावली छन् । यसमा उद्देश्य पदावलीको काम हरिले गरेको छ भने विधेय पदावलीको काम 'हाँस्यो' ले गरेको छ । यसैले हरि उद्देश्य पदावली र हाँस्यो विधेय पदावली हुन् । यस्तै 'किताब झोलामा छ' वाक्यमा किताब उद्देश्य पदावली र झोलामा छ विधेय पदावली हुन् । विधेय पदावलीभित्र पनि झोलामाले क्रियायोगी पदावली र छ ले क्रियापदावलीको कार्य गरेका छन् (सुवेदी,२०७७ पृ. १४२) ।

रूपहरूका बिच पनि निकटताको सम्बन्ध रहन्छ । भाषाको ध्वनि र वर्णभन्दा माथिल्लो पदावलीभन्दा तल्लो पदसम्मको विज्ञानसम्मत अध्ययन विश्लेषण रूपविज्ञानभित्र गरिन्छ । पददेखि वाक्यसम्मको अध्ययन वाक्यविज्ञानभित्र गरिन्छ। रूप र वाक्य दुवै व्याकरण व्यवस्थाअन्तर्गत पर्दछन् । लघुतम अर्थयुक्त व्याकरणिक एकाइ रूप हो भने व्याकरणिक दृष्टिले सबैभन्दा माथिल्लो एकाइ वाक्य हो (गौतम र अन्य, २०६८ पृ.१०७.) । वाक्यभित्र आएका विभिन्न पदहरूको संरचना रूपबाट बन्ने हुँदा वाक्यको अध्ययनमा रूपको समेत अध्ययन हुन्छ। व्याकरणिक दृष्टिले सानो एकाइ रूपबाट पद, पदबाट उपवाक्य, उपवाक्यबाट वाक्य, वाक्यबाट अनुच्छेद हुँदै सङ्कथन बन्दछ । पदमा रूपको निकटता, पदावलीमा पदको निकटता, उपवाक्यमा पदावलीको निकटता, वाक्यमा उपवाक्यको निकटता र संकथनमा वाक्य र अनुच्छेदको निकटता रहेको हुन्छ । व्याकरणिक श्रेणीक्रमबाट भाषिक संरचना पूर्ण हुन्छ। भाषामा साना एकाइहरूले ठूला एकाइहरूको निर्माण गर्दछन् (मेथ्युज, १९७४ पृ.२१३.) । यीमध्ये पददेखि वाक्यसम्मका एकाइहरू व्याकरणिक एकाइहरू हुन् । वाक्यभन्दा माथिल्ला अनुच्छेद, परिच्छेद, सङ्कथन आदि भाषिक एकाइ हुन् । व्याकरणिक तथा भाषिक एकाइमा घटकीय निकटता रहेको हुन्छ ।

निकटघटक विश्लेषणका क्रममा वाक्यात्मक संरचनालाई द्विधा विभाजन अनुसार छुट्याउँदै लगिन्छ। वाक्यबाट पदावलीगत निकटता हुँदै पदगत र रूपगत निकटतासम्म पुगिन्छ । तलको उदाहरण हेरौं -


(क) एउटा मूर्ख केटाले सानी केटीलाई लिएर भागेछ ।

(ख) एउटा मूर्ख केटाले सानी केटीलाई लिएर भागेछ ।


(ग) एउटा मूर्ख केटाले सानी केटीलाई लिएर भागेछ।

(घ) एक वटा मूर्ख केटो ले सानी केटी लाई लि एर भाग् एछ

उदाहरण (क) मा (एउटा मूर्ख केटाले) र (सानी केटीलाई लिएर भागेछ) गरी एउटा वाक्यको द्विधा विभाजन गरिएको छ। (ख) मा (एउटा) र (मूर्ख केटाले) र (सानी केटीलाई) र (लिएर भागेछ) मा विभाजन गरिएको छ। (ग) मा (मूर्ख) र (केटाले), (सानी) र (केटीलाई) (लिएर) र (भागेछ) मा विभाजन गरिएको छ। यो पदका तहसम्मको विश्लेषण हो। यसलाई आरेखमा निम्नानुसार देखाउन सकिन्छ-




निकटघटकलाई ऊर्ध्वरेखमा निम्नानुसार देखाइन्छ -





माथिको उदाहरण (घ) मा रूपको तहसम्म पुगेर वाक्यको विश्लेषण गरिएको छ। निकटताका आधारमा एक वटा (एउटा), केटो ले (केटाले) केटी लाई (केटीलाई) लि एर (लिएर) भाग् एछ (भागेछ) को सम्बन्ध रहेको छ। केटाले को मूर्ख सँग, केटीलाई को सानीसँग, लिएर को भागेछ सँग निकतता रहेको छ। यसैगरी मूर्ख केटालेको निकटता एउटासँग र केटीलाईको निकटता सानीसँग छ भने लिएर भागेछको निकटता सानी केटीलाईसँग रहेको छ।

निकटघटक विश्लेषण गर्ने विभिन्न पद्धतिहरू छन् । यी पद्धतिमध्ये आरेख (वृक्षारेख) पद्धति, बाकस पद्धति, ऊर्ध्वारेख पद्धति, कोष्ठीकरण पद्धति, धर्का पद्धति मुख्य छन् (गौतम र अन्य, २०६८ पृ.२२०) ।

**वृक्षारेख पद्धति**

यो पद्धति निकटघटक विश्लेषणको महत्वपूर्ण पद्धति हो । यसमा निकटघटकको निकटताका आधारमा रुखको मूल हाँगाबाट अन्य शाखा हाँगाहरु छुट्टिएर गए जस्तै वाक्य छुट्टयाइन्छ । यसमा वृक्षारेखका आकारमा वाक्यलाई क्रमशः साना एकाइमा छुट्याउँदै माथिबाट तलतिर लगिने भएकाले वृक्षारेख भनिएको हो; जस्तै-




उदाहरणमा दिइएको ‘सानो केटाले ठूलो झोला बोक्यो’ वाक्यलाई वृक्षारेखमा ‘सानो केटाले’ र ‘ठूलो झोला बोक्यो’ गरी दुई शाखामा विभाजन गरिएको छ । यसका दुई शाखा ‘सानो’ र ‘केटाले’ तथा ‘ठुलो झोला’ र ‘बोक्यो’ मा द्विधा विभाजन भएको छ । यसमा पुनः ‘ठुलो’ र ‘झोला’ मा विभाजन गरिएको छ । यसभन्दा सानो घटक रूपका तहमा विभाजन गर्न सकिन्छ ।

**बाकस पद्धति**


वाकस पद्धति निकटघटक विश्लेषणको दोस्रो महत्वपूर्ण पद्धति हो । यसमा वाक्यका घटकको विश्लेषण गर्दा वाक्यबाट पदावली तथा पदका तहसम्मका एकाइहरूलाई बाकसमा राखिन्छ ( बन्धु, २०३१ पृ. ७४) । यसरी बाकसमा राख्दा एक पटकमा द्विधा विभाजन गरिएका संरचनाहरू छुट्टाछुट्टै बाकसमा राखेर विश्लेषण गरिन्छ ; जस्तै-

<table>
<tr><td colspan="2">सानो केटाले</td><td colspan="3">ठूलो झोला बोक्यो</td></tr>
<tr><td colspan="2">सानो केटाले</td><td colspan="2">ठूलो झोलो</td><td>बोक्यो</td></tr>
<tr><td>सानो</td><td>केटाले</td><td>ठूलो</td><td>झोला</td><td>बोक्यो</td></tr>
</table>

उदाहरणमा दिइएको वाक्यमा आएका घटकहरूलाई बाकसमा राखिएको छ । सुरूमा दुई बाकस, त्यसपछि तिन बाकस र अन्त्यमा वाक्यका पाँच घटकको पाँचवटा बाकसमा राखिएको छ । वाक्यका एकाइहरूलाई बाकसमा राख्दा एक पटकमा द्विधा विभाजन गरिएका संरचनाहरू छुट्टाछुट्टै बाकसमा राखिएको छ ।

### ऊर्ध्वरेख पद्धति

निकटघटक विश्लेषणको अर्को पद्धति ऊधर्वरेख हो । यस पद्धति अनुसार माथितिर फर्काएर वाक्यका घटकको द्विधा विभाजन गरिन्छ; जस्तै-




### कोष्ठीकरण पद्धति

वाक्यका घटकको विश्लेषण गर्दा एक पटकमा द्विधा विभाजन गरिएका संरचनाहरू कोष्ठमा राख्दै जाने पद्धति कोष्ठीकरण हो । यस अनुसार कोष्ठको सङ्ख्याका आधारमा घटकीय विश्लेषणको तह छुट्याउन सकिन्छ; जस्तै-

((सानो ) (केटाले )) ( ( (ठूलो ) (झोला) ) बोक्यो ))

माथिको वाक्यमा सानो केटाले एउटा कोष्ठमा र ठुलो झोला बोक्यो अर्को कोष्ठमा राखिएको छ । यसपछि ठुलो झोला कोष्ठमा राखिएको छ । द्विधा विभाजन गर्दै जाँदा सानो, केटाले, ठुलो, झोला, बोक्यो कोष्ठमा राखिएको छ ।

### धर्का पद्धति

यस पद्धति अनुसार निकटघटकको विश्लेषण गर्दा प्रत्येक पटकको विभाजनमा एउटा धर्का राखिन्छ । धर्काले विभाजन गरिने हुँदा धर्का पद्धति भनिएको हो; जस्तै-

सानो केटाले । ठूलो झोला बोक्यो

सानो । केटाले ॥ ठूलो झोला । बोक्यो

सानो । केटाले ॥ ठूलो । झोला ॥ बोक्यो

माथिको उदाहरणमा 'सानो केटाले' र 'ठुलो झोला बोक्यो' का बिचमा एउटा धर्का राखिएको छ । 'सानो केटाले' मा

'सानो' र 'केटाले' का बिचमा, तथा 'ठुलो झोला बोक्यो' मा 'ठुलो झोला' र 'बोक्यो' का बिचमा पहिले र त्यसपछि 'ठुलो' र 'झोला' का बिचमा धर्का राखिएको छ ।

निकटघटक विश्लेषण संरचनावादी वाक्य विश्लेषण पद्धति हो । वाक्यात्मक संरचनामा वाक्यका घटकहरू निश्चित अनुक्रममा आएका अवस्थामा निकटताको अर्थगत सम्बन्धका आधारमा विश्लेषण गर्न सजिलो हुनु स्वाभाविकै हो । कहिलेकाहीं वाक्यभित्रका घटकहरू अर्थगत दृष्टिले नजिक रहेर पनि स्थानगत दृष्टिले टाढा रहन सक्छन् । यस्तो अवस्थामा यस विश्लेषण पद्धतिअनुरूप वाक्यको विश्लेषण गर्न कठिनाइ पर्दछ । एउटै अर्थ व्यक्त हुने वाक्यलाई व्यक्त गर्दा वाक्यात्मक संरचना फरक फरक हुन सक्छन् (तिवारी, १९७६ पृ. ३२४) । यस पद्धतिका अनुयायीहरूले वाक्यको विश्लेषणमा वाक्यीय संरचनालाई बढी ध्यान दिए तर आर्थी पक्षलाई कम महत्त्व दिए । संरचना पक्षमा बढी केन्द्रित रहेर अर्थ पक्षलाई कम महत्त्व दिएर वाक्य विश्लेषण गर्दा यस पद्धतिका समस्याहरू देखापरेका हुन् ।

अनुक्रम नमिलेर भग्नक्रममा रहेका घटकहरूको विश्लेषण गर्न समस्या देखिएको छ । निकटघटक विश्लेषणमा सामान्यतः नजिकमा रहेका घटकको विश्लेषण गरिन्छ तर कुनै कुनै वाक्यात्मक संरचनाको क्रम टुटेको पनि हुन्छ । सञ्चलन भएर रहेका वाक्यका एकाइहरू भग्नक्रममा रहन्छन् । उदाहरणका लागि 'पोखरा त मलाई मन पर्छ' वाक्यमा उद्देश्य 'मलाई' विधेयको बिचमा रहेको हुँदा यस्तो क्रम टुटेको संरचनाको विश्लेषण सबै पद्धतिबाट हुन सक्दैन ।

निकटघटक विश्लेषण एउटा वाक्यको मात्र हुन्छ, दुईवटा वाक्यको अन्वयान्तर सम्बन्धको विश्लेषण गर्न यसले गर्न सक्दैन । अर्थ एउटा भए पनि फरक संरचनाका दुई वाक्यको विश्लेषण गर्न नसक्नु यसको दोस्रो समस्या हो; जस्तै- 'म भात खान्छु' र 'मद्वारा भात खाइन्छ' दुबै वाक्यको अर्थ एउटै हो तर निकटघटक विश्लेषणमा यिनका बिचको सम्बन्ध देखाइँदैन ।

द्व्यर्थक वाक्यको विश्लेषण यसले गर्न सक्दैन । दुईवटा भिन्दाभिन्दै वाक्य एउटै संरचनामा देखिनु संरचनागत समरूपता हो । उदाहरणका लागि 'मैले पूजा गर्दा पण्डितलाई देखें' वाक्यमा दुईवटा अर्थ छन्- आफूले (मैले) पूजा गर्दा पण्डितलाई 'देखें' र 'पण्डितले पूजा गर्दा मैले देखें' । निकटघटक विश्लेषणले वाक्यका यी दुई अर्थको विश्लेषण गर्न सक्दैन ।

## निष्कर्ष

वाक्य विश्लेषणको संरचनावादी सैद्धान्तिक अवधारणा निकटघटक विश्लेषण हो । वाक्यमा आएका घटकहरूका बिच वाक्यात्मक सम्बन्ध रहेको हुन्छ। यस पद्धतिमा वाक्यका संरचक घटकहरूमध्ये कुनचाहिं घटक कुनचाहिं घटकको नजिक रहेको छ भन्ने विश्लेषण हुन्छ। घटकको विश्लेषण गर्दा संरचनालाई दुई टुक्रामा विभाजन गरिन्छ। विश्लेषणका वृक्षारेख पद्धति, ऊर्ध्वरेख पद्धति, बाकस पद्धति, धर्का पद्धति र कोष्ठ पद्धति गरी पाँच पद्धति छन् । वृक्षारेख पद्धतिमा रुखको मूल हाँगाबाट अन्य शाखा हाँगाहरु छुट्टिएर गए जस्तै वाक्य छुट्टयाइन्छ । यसमा वाक्यलाई क्रमशः साना एकाइमा छुट्याउँदै माथिबाट तलतिर लगिने भएकाले वृक्षारेख भनिएको हो । वाकस पद्धतिमा वाक्यबाट पदावली तथा पदका तहसम्मका एकाइहरूलाई बाकसमा राखिन्छ । यसरी बाकसमा राख्दा एक पटकमा द्विधा विभाजन गरिएका संरचनाहरू छुट्टाछुट्टै बाकसमा राखेर विश्लेषण गरिन्छ । उर्ध्वरेख पद्धतिमा माथितिर फर्काएर वाक्यका घटकको द्विधा विभाजन गरिन्छ । वाक्यका घटकको विश्लेषण गर्दा एक पटकमा द्विधा विभाजन गरिएका संरचनाहरू कोष्ठमा राख्दै जाने पद्धति कोष्ठीकरण हो । धर्का पद्धति अनुसार निकटघटकको विश्लेषण गर्दा प्रत्येक पटकको विभाजनमा एउटा धर्का राखिन्छ। वाक्यभित्र क्रममा मिलेर रहेका घटकहरू अनुक्रम निकटघटक हुन् भने क्रममा मिलेर नआएका घटकहरू भग्नक्रम निकटघटक हुन्। भग्नक्रम घटकहरूको विश्लेषणका क्रममा नजिकको घटकसँगको सम्बन्धका आधारमा मात्र हेर्दा यसको अर्थ अस्पस्ट हुने भएकाले निकटघटक विश्लेषणमा समस्या देखिएको हो । वाक्यात्मक संरचनामा आएका संरचकहरूमध्ये कुनै घटकहरू आफ्ना मुख्य घटकहरूको वितरणसँग तुलनीय हुन्छन् भने कुनै घटकहरू मुख्य संरचनासँग तुलनीय हुँदैनन्। मुख्य घटकसँग तुलनीय नहुने संरचना बहिःकेन्द्रिक संरचना हो। यसमा कुनै संरचनालाई त्यसैभित्रको एउटा घटकले साट्न सकिँदैन। यी विविध कारणले गर्दा निकटघटक विश्लेषणका सीमा देखिएका छन् । संरचनागत समरूपता भएको द्वयर्थक वाक्यको विश्लेषण यसले गर्न सक्दैन। भग्नक्रममा रहेका घटकहरूको विश्लेषण पनि गर्न सकिँदैन। निकटघटक विश्लेषण एउटा वाक्यको मात्र हुन्छ, दुईवटा वाक्यको अन्वयान्तर सम्बन्धको विश्लेषण गर्न यसले गर्न सकिँदैन । अर्थ एउटा भए पनि फरक संरचनाका दुई वाक्यको विश्लेषण गर्न नसक्नु पनि यसको अर्को सीमा हो । यस पद्धतिका अनुयायीहरूले वाक्यको विश्लेषणमा वाक्यीय संरचनालाई बढी ध्यान दिए तर आर्थी पक्षलाई कम महŒव दिए। परिणामस्वरुप निकटघटक विश्लेषणको व्यापक आलोचना भई वाक्य विश्लेषणको नवीनतम अवधारणाको विकास भएको छ।

## सन्दर्भ सामग्री

ईश्वरचन्द्र (२००९ई.). *अष्टाध्यायी (हिन्दी व्याख्या).* चौखम्बा संस्कृत प्रतिष्ठान ।

गौतम, देवीप्रसाद, रामनाथ ओझा र सखिशरण सुवेदी, (२०६८), *सामान्य भाषाविज्ञान,* पिनाकल पब्लिकेसन ।

तिवारी, भोलानाथ, (ई. १९७६), *आधुनिक भाषाविज्ञान,* लिपि प्रकाशन ।

द्विवेदी, कपिलदेव, (ई. १९८७), *भाषाविज्ञान एवम् भाषाशास्त्र,* विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद, (२०५१), *भाषाविज्ञानको रूपरेखा,* नेपाल बुक डिपो ।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* (दोस्रो सं.), एकता बुक्स सेन्टर ।

बन्धु, चूडामणि (२०३१). *भाषाविज्ञान.* (पाँचौँ संस्करण २०४८), साझा प्रकाशन ।

बन्धु, चूडामणि, (२०५३), *भाषाविज्ञानका सम्प्रदाय,* अक्षर सदन ।

ब्लुमफिल्ड, *भाषा* (ई. १९६८), (अनु. विश्वनाथ प्रसाद), मोतीलाल बानारसीदास ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण, (२०५८), *भाषाविज्ञान,* न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

Bhatta, A. (1951). *Tarkasamgraha*., S. Kupuswami Sastri (ed). Madrash University.

Bhartrihari, (1887). *Vakyapadiya.* Kashi Samskrit Series (KSS).

Dharmarajadhavarindra. (1942). *Vedantaparibhasa.* Adyar Library Series (ALS).

Gautama. (1922). *Nyayasutra*. (With the bhashya by Batsayana). Allumunai Samskrit Series (ASS).

Hocket, Charlse F.(1958). *A Course in Mordern Linguistics,* Machmilan Company.

Jaimini. (1929). *Mimamsasutra.* Adyar Samskrit Series (ASS).

Jhalakikara. (1928). *Nyayakosh.* (Dictionary of Technical Terms of Indian Phylosophy), ed. by Abhayankar, Bombay Samskrit and Prakrit Series (BSS).

Methues,P.H. (1974). *Morphology*, Cambridge University Press.

Raja, K. K. (1977). *Indian Theories of Meaning.* Adhyar Library and Research Centre .

Salikanatha. (1904). *Vakyarthamatrikabritti.* Chaukhamba Samskrit Series (CSS).

Shastri, K. (1986). *Primer of Indian Logic*. University of Madras.

Ulmann, S. (1951). The Principles of Semantics. Jackson and Co.